# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०१।१२ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०१।१२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र.एजेट न्यासुर समेत** (वि.अ. को( मुद्दस.नं. ०७८-CR-०१३५), वि.अ. को फैसला मिति २०८०।०४।३२) | **सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको।** | क. प्रतिवादी जिल्ला खेलकुद विकास समिति सप्तरीका तत्कालिन अध्यक्ष एजेट न्यासुरको हकमा:- निजले नियम बिपरित गरी वढी भुक्तानी गरेको जम्मा रकम रू. १३,२७,४३०।४० विगो कायम गरी निज एजेट न्यासुरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) अनुसार कैद एवं जरिवाना गरी निजबाट कायम हुन आएको बिगो असुलउपर हुन मागदाबी लिइएको।<br>साथै निज एजेट न्यासुरले सरकारी रकम हिनामिना गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर समेत गरेको देखिएकोले निजको हकमा प्रचलित कानुन विपरीत धिरज बर्मालाई दिएको उक्त पेश्की रकम रु. २,००,०००।- विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमको सजाय मागदावी लिई सोही ऐनको दफा १७ बमोजिम हानि नोक्सानी भएको सम्पत्ति निजबाट असुलउपर गर्न समेत मागदाबी लिइएको।<br>यसैगरी निज एजेट न्यासुरले वदनियत पूर्वक गलत नापी किताब, अन्तिम बिल भौचर र कार्य सम्पादन प्रतिवेदन स्वीकृत गरी भुक्तानी समेत गरेवाट निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर समेत गरेको पुष्टी हुन आएकोले निजलाई नभए नगरेको कुरा देखाई वदनियत पुर्वक दिएको प्रतिवेदन स्वीकृत गरेकोमा सोहि ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको मागदाबी समेत लिइएको।<br><br>ख. प्रतिवादी जिल्ला खेलकुद विकास समिति सप्तरीका तत्कालिन उपाध्यक्ष | **फैसलाः**<br>प्रस्तुत मुद्दामा प्रतिवादी उदय श्रेष्ठले सम्झौता बमोजिम माटो भर्ने काममा ३७० घनमिटर कम काम गरेकोमा समेत काम सम्पन्न भएको भनी निवेदन दिई रु.२,३६,१९७/- बढी भुक्तानी लिएको र अर्का प्रतिवादी न्यु गहिल कन्स्ट्रक्सनका सञ्चालक भिमराज यादवले सम्झौता बमोजिम पुरै निर्माण कार्य सम्पन्न नगरी ५०६.६७ घनमिटर माटो पूर्ने काम कम कार्य भएकोमा समेत रु.२,६३,४६८।४० बढी भुक्तानी लिई नेपाल सरकारलाई हानि नोक्सानी पु-याएकाले प्रतिवादीहरु उदय श्रेष्ठ र भिमराज यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूर गरेकाले सोही दफा बमोजिम प्रतिवादी उदय श्रेष्ठ र भिमराज यादवलाई कैद सजाय नगरी प्रतिवादी उदय श्रेष्ठलाई विगो रु.२,३६,१९७/- बमोजिम जरिवाना भई उक्त विगो समेत निजबाट असुल उपर हुने र प्रतिवादी भिमराज यादवलाई बिगो रु.२,६३,४६८।४० बमोजिम जरिवाना भई उक्त बिगो समेत निजवाट असुल उपर हुने। प्रतिवादी विकास श्रेष्ठले लागत अनुमान बमोजिम निर्माण कार्य नभई फिल्डमा कम काम भएकोमा नापी किताबमा बढी परिमाण चढाई नभए नगरेको कामको गलत प्रतिवेदन दिएको देखिएबाट निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसूर गरेको देखिएबाट निजलाई सो दफा बमोजिम कसूरको मात्रा अनुसार ३ महिना कैद हुने र निज प्रतिवादीले बदनियतपूर्वक कम परिमाणको कामलाई बढी परिमाणको देखाइ प्रमाणित गरी भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८(१)(ग) को कसूर गरेको पुष्टि हुँदा सोही दफा ८(१) बमोजिम कसूरको मात्रानुसार ३ महिना कैद र विंगो रु. ४,९९,६६५।४० वमोजिम जरिवाना हुने। हानि नोक्सानीको बिगो अन्य प्रतिवादीहरुवाट असूल हुने ठहरेकोले प्रतिवादी विकास श्रेष्ठबाट बिगो असुल गरिरहन नपर्ने। प्रतिवादीहरु उपरको अन्य आरोपदावी पुग्न नसक्ने। अन्य प्रतिवादीहरु **एजेट न्यासुर,** | क. प्रतिवादी जिल्ला खेलकुद विकास समिति (जि.रा.खे.बि.स.) सप्तरीका तत्कालिन अध्यक्ष एजेट न्यासुरको हकमाः- यी प्रतिवादीले आ.व. २०७३/०७४ मा राजरङ्गशाला स्तरोन्नतीको कार्यमा फिल्डमा कम काम भएकोमा वढी काम भएको भनी नापी किताब स्वीकृत गरी तथा काम नै पुरा नभएको कार्य सम्पन्न प्रतिवेदनलाई स्वीकृत गरेका र " प्राबिधिक मुल्याकन बमोजिम भुक्तानी दिने " भनी मिति २०७४/०३/३० मा भुक्तानी लागि तोक आदेश समेत गरेको। वास्तबमा अन्तिम तथा तेस्रो भुक्तानी बिजक नं ५९ बाट मिति २०७४/०३/३१ मा भएको कुरा गो.भौ.को प्रतिलिपीबाट खुलेको। प्रतिवादीले नभएको कामलाई समेत जानिजानि काम भएको भन्ने देखाई बढि काम भएको परिणामको महलमा दस्तखत गरी निजले उदय निर्माण सेवाले गरेको कामको परिमाण भन्दा वढी परिमाणको काम भएको भनी वढी भुक्तानी दिएको कार्यबाट रकम रू.७,५७,६२०।– नेपाल सरकारलाई हानी नोक्सानी भएको। त्यसैगरी खेलमैदानमा माटो भरेपछि कम्प्याक्टेड नगरेको भनी तत्कालिन कार्यालय प्रमुख महेन्द्र प्रसाद यादव ले रोक्का राखेको रकम निज एजेट न्यासुरले नै तोक लगाई भुक्तानी गर्न आदेश गरी फुकुवा गरी रु.३,०६,३४२।– भुक्तानी दिएकोमा समेत विवाद नरहेको। उक्त रु. ३,०६,३४२।– गैरकानूनी रुपले निज एजेट न्यासुरले नै अग्रसरता लिई दिए दिलाएको कुरामा विवाद पनि नदेखिएको र अदालतले सो सम्बन्धमा निजले सफाई पाउने आधारका सम्बन्धमा कुनै बिश्लेषण नै नगरी,आधार उल्लेख नगरी निजलाई सफाई दिएको। आ.व. ०७४/०७५ मा न्यु गहिल कन्स्ट्रक्सनलाई मापदण्ड नपुगेको काम तथा पुरा नै नभएको कार्यको कार्य सम्पन्न भएको भन्ने प्रतिवेदनलाई समेत स्वीकृत गरी उक्त निर्माण सेवाले गरेको कामको परिमाणभन्दा बढी परिमाणको काम गरेको भनी तथा नगरेका कामको रोक्का रहेको रकम समेत फुकुवा गरी भुक्तानी दिएको रकम रु. २,६३,४६८।४० गरी जम्मा रकम रू. १३,२७,४३०।४० काम गरेको परिमाण भन्दा वढी परिमाणको काम भएको भनी भुक्तानी दिई नेपाल सरकारलाई हानीनोक्सानी गरेको स-प्रमाण प्रमाणीत भएको।<br>त्यस्तै प्रतिवादी एजेट न्यासुरले एकातर्फ खेलकुद बिकास समिति, सप्तरीका तत्कालिन उपाध्यक्ष धिरेन्द्र बर्मा (धिरु)लाई रकम रु. २,००,०००।- (दुई लाख) प्रचलित कानुन विपरित मिति २०७३/०३/०० मा आफैले तोक आदेश लगाई पेश्की दिई सो रकमबाट आज सम्म कुनै काम नगरे/नभएको र फछ्र्यौट पनि नगराएको र तत्कालिन कार्यालय प्रमुख महेन्द्र प्रसाद यादवले Rolling and Compaction नगरेको कारणवाट रोक्का राखेको रकम रु ३,०६,३४२।– उक्त कार्य नगर्ने ठेकेदार उदय निर्माण सेवालाई भुक्तानी दिइएको अवस्थाबाट स्पष्ट रुपमा प्रतिवादी एजेट न्यासुरले अन्य प्रतिवादीहरु उदय निर्माण सेवा का उदय श्रेष्ठ र धिरेन्द्र वर्मासंग मिलेमतो गरी उक्त ३,०६,३४२।- गैरकानूनी किसिमले भुक्तानी दिई हानीनोक्सानी पुर्‍याएको र रोलिङ्ग र कम्प्याक्सनको लागि पुनः रु २,००,०००।– प्रतिवादी धिरेन्द्र बर्मालाई पेश्की रकम दिइएको तथ्यलाई एकै साथ राखी हेर्नु पर्नेमा नहेरी अनावश्यक आधारहरु उल्लेख गरी प्रतिवादी एजेट न्यासुरलाई सफाई दिएको फैसला त्रुटिपूर्ण रहेको। त्यसै गरी जिल्ला खेलकुद विकास समितिको अध्यक्ष रहेका निज प्रतिवादी एजेट न्यासुरको प्रशासनिक तथा आर्थिक उत्तर दायीत्व के कति दिने भन्ने सम्बन्धमा हेर्दा भुक्तानीको आधार वनाइएका नापी किताव (Detail Measurement and Abstract of Cost) ठेक्का सम्बन्धी विलमा निज प्रतिवादी एजेट न्यासुरको दस्तखत रहेको। सो तथ्यलाई निज प्रतिवादीले अस्वीकार गरेको अवस्था नरेहको।<br>कानूनी रुपमा के कस्तो ब्यवस्था छ भनी हेरदा पनि आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायीत्व ऐन,२०७६ को दफा ५३ (१) ले " सार्वजनिक जवाफदेहिताको पद धारण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | धिरेन्द्र बर्मा (धिरु) को हकमाः- पेशकि रकमको कुनै काम गरेको नपाईएको तथा पेश्की समेत फछ्यौंट गरेको समेत नदेखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले निज धिरेन्द्र बर्माको हकमा प्रचलित कानुन विपरितको पेश्की रकम रु. २,००,०००।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमको सजाय हुनुपर्ने तथा सोहि ऐनको दफा १७ बमोजिम हानि नोक्सानी भएको सार्वजनिक सम्पत्ति निजबाट असुलउपर गर्नुपर्ने मागदावी लिइएको।<br><br>ग. प्रतिवादी जिल्ला खेलकुद विकास समिति, सप्तरीका तत्कालिन कार्यालय प्रमुख महेन्द्र प्रसाद यादवको हकमाः आ.व २०७३/०७४ मा राजरङ्गशाला स्तरोन्नती कार्यको लागि उदय निर्माण सेवालाई उक्त निर्माण सेवाले गरेको काम भन्दा रकम रु. ७,५७,६२०।- निज महेन्द्र प्रसाद यादवले वढी भुक्तानी दिइ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उपदफा (१) को देहाय (ग) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले निजको हकमा रकम रू. ७,५७,६२०।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) अनुसार कैद र जरिवाना गरी कायम हुन आएको बिगो असुलउपर हुनुपर्ने मागदाबी लिइएको।<br><br>घ. प्रतिवादी जिल्ला खेलकुद विकास समिति सप्तरीका तत्कालिन कार्यालय प्रमुख लक्ष्मण मण्डलको हकमाः- रोक्का राखेको रकम निज लक्ष्मण मण्डल कार्यालय प्रमुख भएको समयमा निजले फुकुवा गरी उदय निर्माण सेवालाई भुक्तानी दिएको रकम रु ३,०६,३४२।- तथा आ व २०७४/०७५ मा न्यु गहिल | **महेन्द्रप्रसाद यादव र लक्ष्मण मण्डलले** प्राविधिक प्रतिवेदनलाई आधार लिई निर्माण व्यवसायीलाई सम्झौता अनुसारको रकम भुक्तानी गरेको देखिंदा निजहरु उपरको आरोपदावी पुग्न नसकी प्रतिवादीहरुले सफाई पाउने ठहर्छ। प्रतिवादी धिरेन्द्र बर्माले लिएको पेश्की रकम प्रचलित कानून बमोजिम असुलउपर हुन सक्ने नै हुँदा निज उपरको आरोपदावी पुग्न नसकी निजले पनि आरोपित कसुरवाट सफाई पाउने। प्रतिवादीहरु उपरको अन्य आरोपदावी पुग्न सक्दैन भन्ने मिति २०८०।०४।३२ मा भएको बिशेष अदालतको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका मुल बुदा एवं आधारहरु :**<br>क) राजविराजस्थित राजरंगशाला खेल मैदानको स्तरोन्नतिको निर्माण कार्य भएको भनी प्रतिवादी ई.विकास श्रेष्ठले नापी किताबमा चढाइ भुक्तानीको लागि सिगारिस गरेकोमा प्रतिवादी एजेट न्यासुरको तोक आदेशमा प्रतिवादीहरू महेन्द्रप्रसाद यादव र लक्ष्मण मण्डलले निर्माण व्यवसायी प्रतिवादीहरू उदय श्रेष्ठ र भिमराज यादवलाई सम्झौता बमोजिमको सबै रकम भुक्तानी गरिएको।<br><br>ख) टेकप्रसाद कटेल र ईन्जिनियर केवल परियारले पेश गरेको प्रतिवेदनमा रंगशालाको लागी आ.व २०७४। ७५को निर्माण कार्यको सम्बन्धमा कुनै कुरा उल्लेख नभएको र आव २०७३। ७४ को निर्माण कार्यको हकमा पनि कामको विवरण, नापी किताव र फिल्डमा भएको विवरणमा पाइएको समानता वा भिन्नताको तुलनात्मक अध्ययन नभएको, निर्माण कार्यको फिल्डमा भएको परिमाण समेतका बिषयहरू उल्लेख गरेको नदेखिंदा उक्त प्रतिवेदन प्राविधिक प्रकृतिको नदेखिई अपूर्ण र हचुवा देखिंदा त्यस्तो प्रतिवेदनलाई प्रमाणको रूपमा ग्रहण गर्न र निर्णयको आधारको रूपमा लिन नमिल्ने।<br><br>ग) महेशप्रसाद यादव समेतको टोलीले पेस गरेको मिति २०७६।३।१२ को प्राविधिक फिल्ड प्रतिवेदनमा निर्माण कार्यबाट राजरङ्गशालाको खेलमैदान स्तरोन्नतिको लागि आ.व. ०७३/०७४ र ०७४/०७५ मा जिल्ला | गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको कारोवार वा निज आफैले गरेको कारोबार सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमाबली बमोजिम सम्बन्धित ब्यक्ति जिम्मेवार हुनेछ।" भनिएको छ भने ऐ ऐनको दफा ५३(२) मा "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमाबली एवं प्रचलित कानून बमोजिम कारोबारसंग सम्बन्धीत कागजात तयार गर्ने,जाँच गर्ने,पेश गार्ने र सिफारिस गर्ने कर्मचारी तथा पदाधिकारीले आफूले सम्पादन गरेको काम र सो संग सम्बन्धित कारोवार बहन गर्नु पर्नेछ र त्यस्तो कामको सम्बन्धित निज आफै जवाफदेही हुनेछ भन्ने ब्यबस्था रहेको छ।त्यसैगरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५९(ङ) मा कुनै राष्ट्रसेवक वा व्यक्तिउपर यस ऐन अन्तर्गत् मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्रसेवक वा व्यक्तिउपर नेपाल सरकार वा सार्वजानिक संस्थालाई पुग्न गएको हानि नोक्सानी भराउन सकिने कुनै कानूनी व्यवस्था रहेछ भने सोही कारणले मात्र यस ऐन अन्तर्गत् मुद्दा चलाउन बाधा पुग्ने वा सोही कारणले मुद्दा खारेज हुने छैन " भन्ने समेत कानूनी व्यवस्था रहेको।<br>त्यसैगरी प्रतिवादी एजेट न्यासुरले सदर मुकाममा नै बजारको मुटुमा रहेको राजरंगशालाको स्तर उन्नतीको अवलोकन गर्न सक्ने हेर्न सक्ने अवस्था पनि स्पष्ट विद्यमान रहेको देखिएको समेतका आधार प्रमाणहरुबाट प्रत्यर्थी प्रतिवादी एजेट न्यासुरलाई अभियोग मागदावी बमोजिम कसुर कसुर ठहर हुनुपर्नेमा सफाई दिएको फैसला सो हद सम्म त्रुटिपूर्ण रहेकोले सो हद सम्म वदर गरी प्रत्यर्थी प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय गरी पाउन मागदाबी रहेको।<br><br>ख. प्रतिवादी जिल्ला खेलकुद विकास समिति सप्तरीका उपाध्यक्ष धिरेन्द्र बर्मा (धिरु) को हकमाः- सम्मानित बिशेष अदालतबाट पेश्कीको विषय भ्रष्टाचार होइन भन्ने फैसला हुँदा मनसायपूर्वक सार्वजनिक सम्पत्तिको हिनामिना हानी नोक्सानी गर्ने राष्ट्र सेवकलाई आफैंले वा अन्य कुनै व्यक्तिलाई आवश्यकता र औचित्य बेगर नै पेश्की रकम लिने/दिने र फछ्यौंट नगरी हिनामिना भरी भ्रष्टाचारजन्य कार्य गर्नेलाई उल्टै प्रोत्साहन प्राप्त भई यस खालको अपराध बढि रहेको अवस्था देखिएको। प्रथमतः जिल्ला खेलकुद विकास समितिको उपाध्यक्ष राजनैतिक नियुक्ति हुने प्रकृतिको पद हो यस पदको व्यक्तिले ठेकेदारले ठक्का लिएको रंगशाला स्तर उन्नती को कार्यमा पुनः Rolling and Compaction को लागि पेश्की लिने कार्य प्रथम दृष्टी मै वदनियतपूर्ण रहेको।त्यसैगरी उक्त पेश्की रकम हालसम्म फछ्यौंट नगरेको कार्यबाट उक्त वदनियतलाई व्यवहारबाट नै पुष्टी भै रहेकोमा सम्मानित विशेष अदालतको फैसलाले निज प्रतिवादी धिरेन्द्र वर्मालाई पूर्णतया उन्मुक्ती नै प्रदान गरेको देखिएको। मुद्दाको लामो समयसम्म अनुसन्धान हुँदा र अदालतमा मुद्दा विचाराधिन हुँदा करिब ७ बर्ष सम्म पनि लिए खाएको रकमको काम गरी पेश्की फछ्यौंट गर्ने वा लिएको फिर्ता गर्ने तर्फ कुनै पहल नभएको अवस्थामा अव प्रस्तुत वारदातको सन्दर्भमा प्रतिवादीहरुबाट पेश्की फछ्यौंट हुने अवस्था पनि विद्यमान नरहेको।पेश्की दिने लिने दुबैको नियत काम गर्ने हो भन्ने नभै सरकारी रकम लिनेखाने नै हो भन्ने प्रस्ट देखिंदा प्रस्तुत मुद्दामा ती संलग्न ब्यक्तिलाई कानूनले त्यस्तो गैर कानूनी कार्य गर्न छुट दिएको अबस्था नरहेको।यसैले नीज प्रतिवादी जिल्ला खेलकुद विकास समिति सप्तरीका तत्कालिन उपाध्यक्ष धिरेन्द्र बर्मा (धिरु) ले आर्थिक वर्ष २०७४/०७५ मा राजरङ्गशाला स्तरोन्नती कार्यको लागि समितिको खातामा बाँकी रहेको रकमवाट राजरङ्गशालामा निर्माण कार्य गर्ने भनी रकम रु. २,००,०००।- पेश्की लिई सो रकमबाट मिसिल संलग्न कागजातबाट कुनै काम गरेको तथा पेश्की समेत फछ्यौंट गरेको नदेखिएकोले निजले सो रकम आफ्नो निजी कार्यमा प्रयोग गरी हिनामिना गरेको प्रमाणित हुन आएकोबाट निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सजाय हुनुपर्नेमा अभियोग मागदाबीबाट सफाई दिने गरी भएको फैसला नमिलेकोले सो फैसला सो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कन्स्ट्रक्सनलाई निज लक्ष्मण मण्डलले रकम रु. २,६३,४६८।४० उक्त निर्माण सेवाले गरेको कामको परिमाण भन्दा वढी परिमाण काम गरेको भनी भुक्तानी दिएको देखिएबाट निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) को देहाय (ग) बमोजिमको कसुर गरेकोले उदय निर्माण सेवालाई भुक्तानी दिएको रकम रु ३,०६,३४२।- र न्यु गहिल कन्स्ट्रक्सन बीच सम्झौता भएको निर्माण कार्यमा उक्त सेवाले गरेको काम भन्दा वढी भुक्तानी गरेको रकम रु. २,६३,४६८।४० गरी जम्मा रकम रु. ५,६९,८१०।४० विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) अनुसार कैद एवम् जरिवाना गरी कायम हुन आएको विगो असुल उपर हुनुपर्ने मागदावी लिइएको।<br>साथै, निजले धिरन्द्र बर्मालाई नियम बिपरित पेश्की रकम रु. २,००,०००।— दिएको रकम नै सोहीलाई विगो कायम गरी भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (घ) बमोजिमको सजाय मागदावी लिई सोही ऐनको दफा १७ बमोजिम हानि नोक्सानी भएको सम्पत्ति निजबाट असुल उपर गर्न समेत मागदाबी लिइएको।<br><br>ङ. प्रतिवादी जिल्ला समन्वय समितिको कार्यालय, सप्तरीका तत्कालिन ईन्जिनियर बिकास श्रेष्ठको हकमाः- कम काम भएकोमा वढी काम भएको भनी नापी किताबमा मुल्याङ्कन गरी चढाई निजले तयार र चेकजाँच गर्ने महलमा दस्तखत गरी सिफारिस गरेको आधारमा भुक्तानी गरेको रकम रु. ७,५७,६२०।- र रकम रु. ३,०६,३४२।- तत्कालिन कार्यालय प्रमुख महेन्द्र प्रसाद यादवले रोक्का राखेको रकम समेत पछि फुकुवा गरी उदय निर्माण सेवालाई भुक्तानी दिन | खेलकुद विकास समिति सप्तरीबाट रकम खर्च गरिएको हो, योजनाको उद्देश्य अनुरूप काम भए गरेको नदेखिएको तथा कार्यसम्पन्न प्रतिवेदन र नापी कितावमा उल्लेख भए बमोजिमको परिमाणमा माटो भर्ने र पुर्ने काम फिल्डमा भएको नदेखिएको " भन्ने समेत वेहोरा उल्लेख भएको। स्थलगत निरीक्षण गर्ने प्राविधिकले प्रतिवेदन व्यहोरालाई समर्थन हुने गरी अदालतमा वकपत्रसमेत गरेको।<br><br>घ) महेशप्रसाद यादव र ई.विश्वराम प्रजापती समेतले स्थलगत निरीक्षण गर्ने प्राविधिकले प्रतिवेदन व्यहोरालाई समर्थन हुने गरी अदालतमा वकपत्र समेत गरेको।<br><br>ङ. दुवै प्रतिवेदन र प्राविधिकहरूको वकपत्र समेतबाट नभए नगरेको कामको गलत नापी किताव र कार्य सम्पन्न प्रतिवेदन तयार गरी यथार्थमा भएको कामभन्दा बढीको भुक्तानी लिए दिएको अवस्था पुष्टि भएको। महेशप्रसाद यादवको प्रतिवेदनमा विस्तृत अनुसन्धान गर्नुपर्ने भन्ने उल्लेख भए बमोजिम ई.विश्वराम प्रजापतीको टोलीबाट महेशप्रसाद यादवको प्रतिवेदन समेतलाई आधार लिई विस्तृत अध्ययन गरी प्रतिवेदन पेश गरेको देखिंदा प्रतिवेदनहरूमा फरक फरक व्यहोरा उल्लेख भएको भन्ने प्रतिवादी जिकिरसँग सहमत हुन सकिएन।<br><br>घ) आ.व २०७३।७४ को कामको सम्बन्धमा दुई वटा प्रतिवेदनमा फरक फरक अङ्क उल्लेख भएको अवस्थामा कुन प्रतिवेदनलाई आधिकारिक र विश्वसनीय मान्ने भन्ने सम्वन्धमा विचार गर्दा विश्वराम प्रजापतीको भन्दा महेशप्रसाद यादवको प्रतिवेदन ६ महिना अगाडिको देखिंदा महेशप्रसाद यादवको प्रतिवेदनलाई आधार लिनु बढी उपयुक्त हुने देखियो। यस आधारमा आ.व २०७३।७४ को कार्यको सम्बन्धमा रु.२,३६,१९७/- र आव २०७४।७५ को कार्यको सम्बन्धमा रू२,६३,४६८.४० यथार्थमा भएको कामको भन्दा वढी भुक्तानी भएको देखियो।<br><br>छ) आ.व. ०७३/०७४ र ०७४/०७५ मा राजरङ्गशालाको स्तरोन्नति कार्य पुरा भएको भनी ईन्जिनियर विकाश श्रेष्ठले कार्यसम्पादन प्रतिवेदन लगायतका कागजातहरु र कार्यालय प्रमुख | हदसम्म बदर गरी अभियोग मागदाबी बमोजिम निज प्रतिबादी धिरेन्द्र बर्मालाई सजाय गरी पाउन मागदाबी रहेको।<br>ग. प्रतिवादी जिल्ला खेलकुद विकास समिति, सप्तरीका तत्कालिन कार्यालय प्रमुख महेन्द्र प्रसाद यादवको हकमाः आर्थिक वर्ष २०७३/०७४ मा राजरङ्गशाला स्तरोन्नती कार्यको लागि जिल्ला खेलकुद विकास समिति सप्तरीले उदय कन्स्ट्रक्सन लाई निर्माण कार्य गराउँदा निर्धारित शर्त तथा मापदण्ड (स्पेशिफिकेशन) विपरीत कार्य गरेको र प्रत्येक १५ से.मि Thickness मा पानी हाल्दै माटोपूर्ने काम गर्दै ८ देखि १० टन/ तौलको Roller ब्दारा Rolling and Compaction को कार्य नभएको भनी आफैले भुक्तानी गरेको रकम रु ३,०६,३४२.०० पनि धरौटिमा जम्मा गरेको तथ्य प्रमाणित रहेको।साथै निज प्रमुख महेन्द्र प्रसाद यादव उक्त रंगशालाको स्तर उन्नतीको कार्य हेरेका देखेका ब्यक्त हुन् भन्ने पनि स्पष्ट देखिएको।त्यस्तो अबस्थामा माटो पुर्ने भए गरेको कार्य भन्दा धेरै बढि रकम रु. ७,५७,६२०।- उदय निर्माण सेवालाई निज महेन्द्र प्रसाद यादवले वढी भुक्तानी दिइ भ्रष्टाचार गरेको अवस्थामा निज प्रशासनिक कर्मचारी भएको र मिलोमतोमा भ्रष्टाचारजन्य कार्य गरेको पुष्टि नभएको भन्ने अत्यन्त असान्दर्भिक र मनोगत तर्क सम्म दिई निज प्रर्तिवादीलाई सफाई दिने गरी भएको फैसला प्रचलित कानूनी ब्यबस्था बमोजिम मिलेको देखिएन। निज प्रतिवादी महेन्द्र प्रसाद यादव जिल्ला खेलकुद विकास समितिको सप्तरीको कार्यालय प्रमुख निज लेखा उत्तरदायी अधिकारी समेत हो भन्नेमा कुनै द्विविधा नरहेको। निज प्रतिवादी महेन्द्र प्रसाद यादवको प्रशासनिक र आर्थिक दायीत्व के कति रहने भन्ने सम्बन्धमा हेर्दा, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन,२०७६ को दफा ५३ (१) ले “ सार्वजनिक जवाफदेहिताको पद धारण गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको कारोवार वा निज आफैले गरेको कारोबार सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमाबली बमोजिम सम्बन्धित ब्यक्ति जिम्मेवार हुनेछ।“ भनिएको अबस्था एकातिर छ भने अर्कोतिर बिचार गर्दा कुनै राष्ट्रसेवक वा व्यक्ति उपर यस ऐन अन्तर्गत् मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्र सेवक वा व्यक्ति उपर नेपाल सरकार वा सार्वजानिक संस्थालाई पुग्न गएको हानि नोक्सानी भराउन सकिने कुनै कानूनी व्यवस्था रहेछ भने सोही कारणले मात्र यस ऐन अन्तर्गत् मुद्दा चलाउन बाधा पुग्ने वा सोही कारणले मुद्दा खारेज हुने छैन भन्ने भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५९(ङ) मा कानूनी व्यवस्था समेत रहेको। तसर्थ निजलाई सफाई दिने फैसला सो हद सम्म बदर गरी प्रतिवादी महेन्द्र प्रसाद यादवलाई अभियोग मागदाबी बमोजिम कसुर कायम गरी सजाय गरी पाउन मागदाबी रहेको।<br>घ. जिल्ला खेलकुद विकास समितिका तत्कालिन कार्यालय प्रमुख प्रतिवादी लक्ष्मण मण्डलको हकमा :- प्रतिवादी लक्ष्मण मण्डलले प्रस्तुत वारदातका सम्बन्धमा निम्न लिखित तीन वटा कसुर गरेको देखिएको।<br>अ.)अघिल्ला कार्यालय प्रमुख प्रतिवादी महेन्द्र प्रसाद यादवले Rolling and Compection नगरेको भनि उक्त कार्य बापतको रकम रु ३०६३४२।-निकाली धरौटी राखेकोमा ठकेदार उदय श्रेष्ठलाई उक्त रकम फिर्ता दिएको।<br>आ.)निजको कार्यकाल आ.व. ०७४/०७५ मा उक्त राजरंगशालाको स्तरोन्नती को लागि भएको माटो पुर्ने कार्यमा भए गरेको काम भन्दा रु २,६३,४६८।४० बढी भुक्तानी दिएको।<br>इ.)उक्त रकम फिर्ता दिएपछी सोही कामको लागि (पहिले नै ठेक्का लागेको विषयमा) प्रतिवादी धिरेन्द्र वर्मा (धिरु) लाई रु.२०००००।–(दुई लाख) पेश्की रकम दिएको र उक्त पेश्की रकम फर्स्यौट नभएको।<br>यसरी धरौटीमा रोक्का रहेको रकम फुकुवा गरी दिंदा र नभए नगरेको कामको समेत भुक्तानी दिने कार्य गरी कुल रु ५६९८१०।४० गेर कानूनी भुक्तानी दिई निजले भ्रष्टाचार निवारण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निजले सिफारिस गरेको एवम् आ.व ०७४/०७५ मा राजरङ्गशाला स्तरोन्नती कार्यको लागि न्यु गहिलले गरेको कार्य भनी बील तयार गरी पुरा नभएको कार्य काम सम्पन्न भएको भनी सिफारिस गरी रकम रु. २,६३,४६८।४० न्यु गहिल कन्स्ट्रक्सनलाई उक्त वढी परिमाणको काम गरेको भनी भुक्तानी गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) को देहाय (ग) बमोजिमको कसुर गरेको हुँदा वढी भुक्तानी दिएको रकम रु. ७,५७,६२० र रोक्का राखेकोमा पछि फुकुवा गरी भुक्तानी गरेको रकम रु. ३,०६,३४२ र आ.व ०७४/०७५ मा भएको कार्यको लागि न्यू गहिल कन्स्ट्रक्सनलाई काम गरेको भन्दा वढी भुक्तानी दिएको रकम रु. २,६३,४६८।४० समेत गरी जम्मा रकम रू. १३,२७,४३०।४० बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) अनुसार कैद एवम् जरीवाना गरी कायम हुन आएको बिगो असुल उपर हुनुपर्ने मागदावी लिइएको।<br>साथै निज बिकास श्रेष्ठले गलत कार्यको लागी वदनियत् पूर्वक झुठ्ठा नापी किताब, अन्तिम बिल र कार्य सम्पादन प्रतिवेदन स्वीकृत गर्न सिफारीस गरी निजले भष्ट्राचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसुर समेत गरेको पुष्टी हुन आएकोले निजलाई नभए नगरेको कुरा देखाई वदनियत् पूर्वक गरेको प्रतिवेदनको लागि सोहि ऐनको दफा १९(२) बमोजिम कैद र जरिवानाको मागदाबी समेत लिइएको।<br><br>च. प्रतिवादीहरुउदय निर्माण सेवाका सञ्चालक उदय श्रेष्ठ र सो निर्माण सेवाका हकमाः- आ.व.०७३/०७४ मा राजरङ्गशाला स्तरोन्नती कार्यको लागि उदय कन्स्ट्रक्सनलाई मापदण्ड (स्पेशिफिकेशन) विपरीत कार्य गरेतापनि मापदण्ड बमोजिम भएको भनी प्रमाणित | लक्ष्मण मण्डल तथा महेन्द्र यादव समेतले काम सम्पन्न भएको भनी सही गरी पेश गरेका कागजातका आधारमा मैले अध्यक्षको हैसियतले स्वीकृत गरी भुक्तानी दिएको हो भन्ने एजेट न्यासुरको बयान देखियो। निर्माण कार्यको स्थलगत अनुगमन गर्नुपर्ने दायित्व एकातिर कानूनले निज प्रतिवादीलाई तोकेको देखिदैन भने अर्कोतर्फ इष्टिमेट बमोजिमको काम फिल्डमा भएको हो वा होइन भन्ने यकिन गर्न सक्ने निजको प्राविधिक हैसियत पनि देखिदैन। प्रतिवादीले निर्माण व्यवसायी लगायत अन्य सहप्रतिवादीहरूसँग मिलेमतो गरेको भन्ने पनि पुष्टि भएको देखिदैन। यसर्थ प्राविधिकले पेस गरेको प्रतिवेदनलाई आधार लिइ भुक्तानी गरेको कार्यलाई दावीको कसूर गरेको भन्न मिल्ने देखिएन।<br><br>ज). प्रतिवादी धिरेन्द्र बर्माको हकमा हेर्दा ,रोलिङ लगाउने तथा माटो कम भएको स्थानमा माटो भर्ने लगायतको कार्य गर्नको लागि पेश्की लिएकोमा हालसम्म पनि पेश्की फछ्र्यौट नगरेको भन्ने जिल्ला खेलकुद विकास समितिको कार्यालय राजविराजको मिति २०७६।०९।२१ पत्रबाट समेत देखिंदा प्रतिवादीले लिएको पेश्कीको हकमा पनि फछ्र्यौट नगरेमा प्रचलित ऐन नियम बमोजिम हुन सक्ने नै देखियो। यसर्थ कानूनबमोजिम पेश्की लिने वा पेश्की उपलब्ध गराउने कार्यलाई कानूनले मान्यता दिएको देखिंदा पेश्की दिने वा लिने कार्य आफैमा भ्रष्टाचारको कसूर कायम हुन सक्ने देखिएन।<br><br>झ). जिल्ला खेलकूद विकास समितिका कार्यालय प्रमुखको रूपमा रहेका प्रतिवादी महेन्द्रप्रसाद यादवको हकमा हेर्दा, निर्माण ब्यबसायीलाई रकम भुक्तानी दिदा अन्य प्रतिवादीसँग मिलेमतो गरेको भन्ने वादीले प्रमाणबाट पुष्टि गर्न सकेको देखिदैन। सम्झौता र प्राविधिक मूल्याङ्कन अनुसारको रकम भुक्तानी गर्नुपर्ने प्रतिवादीको कानूनी दायित्व नै देखियो। यसर्थ बदनियतपूर्वक भुक्तानी गरेको नदेखिई सम्झौता र प्राविधिक मूल्याङ्कनसमेतको आधारमा निर्माण व्यवसायीलाई भुक्तानी दिने कार्य गरेको देखिंदा सो कार्यलाई दावीको कसूर गरेको भन्न मिल्ने देखिएन। | ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) बमोजिमको कसुर गरेको स्पष्ट रहेको र उक्त रकम गैर कानुनी तवरबाट भुक्तानी दिने कार्य भएको देखिंदा देखिदै पनि प्राविधिकवाट उठी आएको बील भर्पाई बमोजिम भुक्तानी कार्य हुँदा निज लक्ष्मण मण्डलको मिलोमतो र बदनियत नदेखिएको भनी रु ३०६३४२।–( तीन लाख छ हजार तीन सय बयालिस रुपेयाँ) रकम फुकुवा गरी भूक्तानी दिएको सम्बन्धमा कुनै कुरा उल्लेख नै नगरी सफाई दिन मिल्ने अबस्था नै नहुँदा पनि निज प्रशासन तर्फका कर्मचारी भएको साथै अन्य बिपक्षसंग मिलोमतोमा भ्रष्टाचारजन्य कार्य गरेको पुष्टि नभएको भन्ने कथित मनोगत तर्क दिई निज प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला प्रमाणको उचित मुल्यांकन नै नगरी भएको। साथै, आर्थिक बर्षको अन्तिममा आई निजले खेलकुद विकास समिति, सप्तरीका तत्कालिन उपाध्यक्ष राजनैतिक नियुक्ति पाएको व्यक्ति धिरेन्द्र वर्मा (धिरु) लाई प्रचलित कानुन विपरित रु. २,००,०००।- पेश्की दिईएको।एकातर्फ जुनकाम नगरेको भनी अघिल्लो कार्यालय प्रमुखले रोक्का राखेको रकम फुकुवा गरी भुक्तानी दिने र सोही कामका लागी भनी एउटा राजनैतिक नियुक्ति भएको मानिसलाई पुन पेश्की रकम दिने कार्य आफैमा सरकारी रकम हानी नोक्सानी गर्ने बदनियतका साथ भए गरेको कार्य भन्ने सामान्य समझ भएको ब्यक्ति (A Prudence Person ) ले समेत स्पष्ट रुपमा थाहा जानकारी पाउन सक्ने अबस्थामा निज प्रत्यर्थी प्रतिवादी लक्ष्मण मण्डललाई सफाई दिने गरी फैसला भएको।यसरी पेश्की भन्ने नाम दिई गेर कानूनी रुपमा दिइएको रु २,००,०००।– बाट कुनै काम नगरे/नभएको तथा पेश्की फछ्यौंट समेत नभएको ,अब हुन सक्ने अबस्था रहेको पनि नदेखिएकोमा सरकारी रकम प्रतिबादीहरुको मिलोमतोमा हिनामिना गरेको प्रष्ट हुँदा हुँदै पनि भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम कसुर गरेको बादीदाबी नपुग्ने भनी फैसला भएको।निज प्रतिवादी लक्ष्मण मण्डल जिल्ला खेलकुद परिषद सप्तरीको कार्यालय प्रमुख भएको हुँदा उहाँ लेखा उत्तरदायी अधिकारी पनि भएको।निज प्रतिवादी लक्ष्मण मण्डल प्रसाशकीय तथा आर्थिक दायित्व के कति प्रशासनिक र आर्थिक दायीत्व के कति रहने भन्ने सम्बन्धमा हेर्दा, आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायीत्व ऐन,२०७६ को दफा ५३ (१) ले " सार्वजनिक जवाफदेहिताको पद धारण गरेको ब्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको कारोवार वा निज आफैले गरेको कारोबार सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमाबली बमोजिम सम्बन्धित ब्यक्ति जिम्मेवार हुनेछ।" भनिएको अबस्था छ एकातिर छ भने अर्कोतिर बिचार गर्दा कुनै राष्ट्रसेवक वा व्यक्ति उपर यस ऐन अन्तर्गत् मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्र सेवक वा व्यक्ति उपर नेपाल सरकार वा सार्वजानिक संस्थालाई पुग्न गएको हानि नोक्सानी भराउन सकिने कुनै कानूनी व्यवस्था रहेछ भने सोही कारणले मात्र यस ऐन अन्तर्गत् मुद्दा चलाउन बाधा पुग्ने वा सोही कारणले मुद्दा खारेज हुने छैन भन्ने भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५९(ङ) मा कानूनी व्यवस्था समेत रहेको। तसर्थ निज प्रतिवादी लक्ष्मण मण्डलको हकमा सफाई पाउने गरी भएको फैसला सो हदमा बदर गरी निज प्रतिवादी लक्ष्मण मण्डललाई अभियोग मागदाबी बमोजिमको कसुरमा सजाय कायम हुन मागदाबी रहेको।<br>ङ. प्रतिवादी जिल्ला समन्वय समितिको कार्यालय, सप्तरीका तत्कालिन ईन्जिनियर बिकास श्रेष्ठको हकमाः- प्रतिवादी बिकास श्रेष्ठ जिल्ला समन्वय समिति, सप्तरीमा कार्यरत एक सिभिल ईन्जिनियर भएको। निजले आ.व.०७३/०७४ मा जिल्ला खेलकुद बिकास समिति सप्तरी मार्फत राजरङ्गशाला स्तरोन्नती कार्यको लागत ईष्टिमेट बनाई निर्माण कार्यको ठेक्का सझौताका Specification(शर्त) अन्तर्गत रही सुपरभिजन गरी सो कार्यको नापी किताब (Measurement book) तयार गरी बील भर्पाई ,कार्य सम्पन्न प्रतिबेदन बनाएर नापजाँच बमोजिम नियमानुसार भुक्तानीको लागी सिफारिस पेश गर्ने मुख्य कर्तब्य रहेको निज कर्मचारीले उदय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी रू. ७,५७,६२०।- र रोक्का राखेकोमा पछि फुकुवा गरी गराई भुक्तानी लिएको रकम रु. ३,०६,३४२ गरी जम्मा रकम रु. १०,६३,९६२।- निजले काम गरेको भन्दा वढी भुक्तानी लिएको देखिएबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेकोले उदय निर्माण सेवा र सोका सञ्चालक उदय श्रेष्ठको हकमा काम गरेको भन्दा वढी भुक्तानी लिएको रकम रु. १०,६३,९६२।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुसार कैद एवम् जरीवाना गरी कायम हुन र बिगोको रकम समेत जफत गरी पाउन मागदाबी लिइएको।<br><br>छ. प्रतिवादीहरु न्यु गहिल कन्स्ट्रक्सनका सञ्चालक भिमराज यादव र सो निर्माण सेवाका हकमाः- आ.व ०७४/०७५ मा राजरङ्गशाला स्तरोन्नती कार्यको लागि न्यु गहिल कन्स्ट्रक्सनले गुणस्तरयुहिन, मापदण्ड बिपरित भएको कामलाई ठिक छ भनी प्रमाणित वा स्वीकृत गराई रकम रु. २,६३,४६८.४०।– बराबरको काम गरेको भन्दा वढी भुक्तानी लिएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेको हुनाले निजको हकमा रकम रु. २,६३,४६८.४०।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुसार कैद एवम् जरिवाना गरी कायम हुन आएको बिगो समेत जफत हुन मागदावी लिइएको। | ञ. अर्का प्रतिवादी लक्ष्मण मण्डल पनि जिल्ला खेलकूद विकास समितिका कार्यालय प्रमुखको रूपमा रहेकोमा विवाद देखिएन। यसर्थ निजको हकमा पनि अन्य सहप्रतिवादीसँग मिलेमतो गरेको र वदनियतपूर्वक भुक्तानी दिएको पुष्टि नभएको अवस्थामा माथि प्रतिवादी महेन्द्र यादवको हकमा उल्लिखित आधार र कारणहरू निजको हकमा पनि आकर्षित हुने हुँदा सोही आधारमा निज उपरको आरोप दावी पुग्ने देखिएन। धिरेन्द्र बर्मालाई पेश्की दिएको रु.२,००,०००। हकमा रकम सरकारी कामको सिलसिलामा पेश्की दिनलाई कानूनले अनुमति प्रदान गरेको र पेश्की लिनेले फछ्र्यौट नगरेमा सम्बन्धित व्यक्तिबाट कानून बमोजिम असुलउपर हुन सक्ने नै देखिंदा सो रकम पनि हिनामिना गरेको भन्न मिल्ने देखिएन।<br><br>ट). प्रतिवादी विकास श्रेष्ठका हकमा हेर्दा ,दुवै निर्माण व्यवसायीहरूले निर्धारित सम्झौता, शर्त तथा मापदण्ड बमोजिम काम नगरेको अवस्थामा पनि सम्झौता र मापदण्ड बमोजिम नै काम भएको भनी बील बनाई भुक्तानीको लागी सिफारिस भएको देखियो। सम्झौता र स्पसिफिकेसन बमोजिम काम नभएको भन्ने महेशप्रसाद यादव र ई.विश्वराम प्रजापतीको स्थलगत प्रतिवेदनबाट देखिएकोले सम्झौता र स्पसिफिकेशन बमोजिम काम भएको भन्ने विकास श्रेष्ठको प्रतिवेदन र सिफारिस खण्डित हुन पुगेको देखियो। एकातिर "बर्षाले रंगशाला स्तरोन्नतिको काम सन्तोषजनक हुन नसकेको" भन्ने निजको बयान हुनु र अर्कोतिर सो कथनको विपरीत सम्झौता र मापदण्ड बमोजिम काम भएको भन्ने निजको प्रतिवेदन एवम् सिफारिस सही र यथार्थ भन्न सक्ने देखिएन। यसर्थ प्रतिवादी विकास श्रेष्ठले आरोप दावीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ग) र दफा १९ (२) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको।<br><br>ठ). प्रतिवादीहरू उदय श्रेष्ठ र भिमराज यादवको हकमा हेर्दा, निजहरुका क्रमशः दुवै उदय निर्माण सेवा र न्यू गाहिल कन्स्ट्रक्सन निर्माण सेवाले सम्झौता र निर्धारित मापदण्ड वमोजिम काम | कन्स्ट्रक्सनबीच सम्झौता भएको निर्माण कार्यको सम्बन्धमा निर्धारित शर्त तथा मापदण्ड (स्पेशिफिकेशन) विपरीत कार्य गरी वा त्यस्तो कार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्ड बमोजिम भएको हो भनी प्रमाणित गरी गराई, फिल्डमा कम काम भएकोमा वढी काम भएको भनी नापी किताबमा मुल्याङ्कन गरी चढाई निजले तयार र चेकजाँच गर्ने महलमा दस्तखत गरी सिफारिस गरी पुरा नभएको कार्य सम्पादन प्रतिवेदनलाई काम सम्पन्न भएको भनी उदय निर्माण सेवालाई काम गरेको परिमाण भन्दा वढी परिमाणको काम गरेको भनी रु ७५७६२०।- रकम भुक्तानी गरेको देखिएको।साथै तत्कालिन कार्यालय प्रमुख महेन्द्र प्रसाद यादवले रोक्का राखेको रकम रु. ३,०६,३४२।- रकम समेत पछि फुकुवा गरी उदय निर्माण सेवालाई भुक्तानी दिन निजले सिफारिस गरेको।यस्तै आ .व ०७४/०७५ मा राजरङ्गशाला स्तरोन्नती कार्यको लागि न्यु गहिल कन्स्ट्रक्सनलाई नभएको निर्माण कार्यको सम्बन्धमा समेत निजले तयार गरी चेकजाँच गर्ने महलमा दस्तखत गरी सिफारिस गरी रकम रु. २,६३,४६८।४० न्यु गहिल कन्स्ट्रक्सनलाई नगरे नभएको वढी परिमाणको कामको समेत भुक्तानी भएको देखिएबाट निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को बमोजिमको कसुर गरेको पुष्टी हुन आएको स्थितमा पनि उल्लेखित सबै रकम कलम उपरको जिम्मेवारी/ दायीत्व समेत बोकाउनु पर्ने ब्यक्तिलाई कम बिगो अर्थात रु ४,९९,६६५।४० मात्र बिगो कायम गरी न्यूनतम कैद र जरिवाना मात्र हुने ठहर्याई गरेको फैसला सो हदमा मिलेको नदेखिएको। तसर्थ प्राबिधिक कर्मचारी प्रतिवादी ईन्जनियर बिकास श्रेष्ठलाई अभियोग मागदाबी बमोजिम बिगो रु १३,२७,४३०।४० कायम नगरी सो भन्दा कम मात्र बिगो कायम गरी आरोप दाबी भन्दा कममा कसुर ठहर गरी बिगो भराउनु नपर्ने भनी सोही घटि बिगो बमोजिम कैद,जरिवाना गरेको हद सम्म मिलेको नदेखिएको हुँदा सो घटि कसुर मात्र कायम गरेको हद सम्म बिशेष अदालतको फैसला बदर गरी अभियोग मागदाबीको सम्पूर्ण कसुरमा सजाय कायम गरी पाउन मागदाबी रहेको।<br>च. प्रतिवादीहरु उदय निर्माण सेवाका सञ्चालक उदय श्रेष्ठ र सो निर्माण सेवाका हकमा :-<br>प्रस्तुत मुद्दामा आ.व.०७३/०७४ मा राजरङ्गशाला स्तरोन्नती कार्यको लागि जिल्ला खेलकुद विकास समिति, सप्तरीसँग यी प्रतिवादी प्रोप्राईटर रहेको उदय कन्स्ट्रक्सन बीच सम्झौता भई निर्माण कार्यको गरेकोमा निर्धारित शर्त तथा मापदण्ड (स्पेशिफिकेशन) विपरीत कार्य गरी तथा मापदण्ड बमोजिम नभएको काम प्रतिवादीहरुबिच मिलोमतोमा BOQ(Bill of Quantity) का सबै कार्य सम्पन्न गरेको भनी मापदण्ड बमोजिम भएको देखाई निजले रकम रू. ७,५७,६२०।- र खेलमैदानमा माटो भरेपछि Compaction नगरेको भनी तत्कालिन कार्यालय प्रमुख महेन्द्र प्रसाद यादवले रोक्का राखेकोमा पछि फुकुवा गरी गराई भुक्तानी लिएको रकम रु. ३,०६,३४२।- गरी जम्मा रकम रु. १०,६३,९६२।- (दश लाख त्रिसट्टी हजार नौ सय बैसट्टी रुपैंया) निजले गैर कानूनी रुपमा वढी भुक्तानी लिएको प्रमाणित भएकोमा पनि केवल रु २६३४६८।४० को हकमा मात्र सो उदय निर्माण सेवाका प्रो./ सञ्चालक उदय श्रेष्ठले लिए खाएको अर्थ गरी सो बिगोमा मात्र जरिमाना र बिगो असुल गर्ने भनी गरेको फैसला मिलेको छैन।खेलमैदानमा माटो भरी Compaction नगरेको भनी प्रतिवादी महेन्द्र प्रसाद यादबले रोक्का राखेको रकम पछिल्लो कार्यालय प्रमुख लक्ष्मण मण्डलको पालामा नीज निर्माणकर्ता / ठेकेदारले फिर्ता मागेको र निजलाई फिर्ता दिएको सम्बन्धमा कुनै बिबेचना नै नगरी अभियोग मागदाबी भन्दा कम कसुर गरेको देखाई धटि बिगो कायम गरी सोहि बमोजिमको बिगो भराउने र जरिवाना गर्ने गरी घटि सजाय गरेको हद सम्म बिशेष अदालतको फैसला सो बदर गरी अभियोग मागदाबीको सम्पूर्ण कसुर कायम सजाय गरी पाउन मागदाबी रहेको।<br>अतः माथि विवेचित आधार र कारण समेतबाट सम्मानित विशेष अदालत काठमाडौंबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नभएको अवस्थामा पनि काम भएको भनी प्रमाणित र स्वीकृत गराइ सम्झौता बमोजिमको सबै रकम बुझी लिएको देखिएको। | प्रतिवादीहरु मध्ये भिमराज यादबले अभियोग मागदाबी अनुसारको कसुरमा सजाय पाई सकेकोले निजको हकमा बाहेक अरु प्रतिवादीहरु मध्ये उदय श्रेष्ठ र बिकास श्रेष्ठको हकमा बिगो समेत कम कायम गरी दाबीको कसुरमा पनि आंशिक कसुर गरेको ठहर्याई र अन्य प्रतिबादीहरू मध्ये एजेट न्यासुर, धिरेन्द्र वर्मा, महेन्द्र प्रसाद यादव र लक्ष्मण मण्डलको अभियोग दाबीवाट सफाई दिई नीजहरुका हकमा निर्णय गर्ने वा खर्च गर्न अख्तियार प्राप्त अधिकारी आफुले गरेको कार्यको दायित्व लिनचाहि नपर्ने तर मातहतका ब्यक्तिहरुलाई मात्र जिम्मेवार बनाउँदा सरकारी कामकार्वाही कानून सम्मत ढंगले नचल्ने स्थिति आउन सक्ने तर्फ अनदेखा भएको र ने.का.प. २०६८ अंक ६ निर्णय नं ८६३६ को मुद्दामा प्रतिपादीत नजिर बिपरित हुने गरी बिशेष अदालतले गरेको उक्त फैसला मिलेको नपाईंदा उक्त फैसला प्रत्यर्थी प्रतिवादीहरुका हकमा सो हदसम्म त्रुटीपूर्ण भएकोले वदर गरी अभियोग मागदाबी बमोजिमको कसुरमा पुनराबेदन पत्रमा कायम बिपक्षहरुका हकमा अभियोग मागदाबी बमोजिम सजाय गरी पाउन सम्मानित सर्वोच्च अदालत समक्ष प्रस्तुत जिकिर लिई पुनरावेदन पत्र दर्ता गरिएको। |